# सचिवद्वारा प्रस्तुत प्रगति प्रतिवेदन

उदयराम कायस्थ
सचिव

काभ्रेपलान्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को २४ औं बार्षिक साधारण सभामा संस्थाको निमन्त्रणालाई स्वीकार गरी व्यस्तताको बाबुजुद पनि उपस्थित भई यस सभाको शोभा बढाई दिनु भएको मा प्रमुख अतिथिज्यू, विभिन्न संघ/संस्थाबाट पाल्नु भएका अतिथीज्यूहरु, पत्रकार मित्रहरु, समिति, उप-समितिका पदाधिकारी साथीहरु, आदरणीय शेयर सदस्यज्यूहरु एवं कर्मचारी मित्रहरुमा सहकारीमय न्यानो अभिवादन टक्र्याउन चाहन्छु ।

संघको सिमित श्रोत, साधनको बाबजुदका अतिरिक्त सदस्यहरुको सेवाग्राही भएर कार्य गर्ने यस संघको लक्ष्य र उद्देश्य भएता पनि भौगोलिक बिकटता, पर्याप्त सूचना संप्रेषण, कानूनी बाधा अड्चनका कारण जिल्लामा रहेका सहकारी संस्थाहरुसँग समन्वय र सहकार्य गर्न कठिनाई भएको कुरा यहाँहरुमाभ्र विदितै छ तर यस संघको चाहना भनेको जिल्लामा एकल उद्देश्य बोकेर संचालन भएका सम्पूर्ण बचत तथा ऋण कारोबार गरेका सहकारी संस्थाहरुलाई सदस्यता प्रदान गरी संघमा आवद्धता गराउनु नै हो, तर भौगोलिक बिकटता भएर हो या, संघको औचित्यता प्रकाश पार्न नसकेर हो या, सूचना संप्रेषण कमजोर भएर हो अधिकांश संस्थाहरुलाई समेटन सकी राखेका छैनौं । तपाई हामीले सहकारीहरुलाई सरसर्ती हेर्दा शहरबजार सुगम ठाउँ र बढी जनसंख्या भएको ठाउँमा केन्द्रित भई क्रियाशील रहेको तर दुर्गम तथा न्यून जनसंख्या भएको क्षेत्रमा सहकारी क्षेत्रको उपस्थिति र गतिविधि निकै न्यून भएको हामीले महशुस गरेका छौं । तसर्थ आउँदा दिनहरुमा सहकारी अभियानलाई केवल सुगम ठाउँ र शहरहरुमा मात्र केन्द्रित नगरी दुर्गम क्षेत्र र गाउँहरुमा समेत रहेका संस्थाहरुलाई सक्रिय बनाउन र उत्पादनशील क्षेत्रमा काम गर्न थप हौसला र प्रेरणा दिनुका साथै प्रोत्साहन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

बिश्वव्यापी रुपमा फैलिएको कोरोना भाईसर (कोभिड १९) ले पारेको असरबाट समाजमा ठूलो जनधनको क्षति भएको कुरा यहाँहरुमाभ्र विदितै छ। पहिलो दोश्रो भन्दै अव विश्वमा कोरोना भाइरसको तेश्रो स्वरुप आईरहेको कुरा यहाँहरुले अवस्य सुन्नु भएको छ होला । अवका केही समय पछाडी फेरी नेपालमा पनि लकडाउन नहोला भन्न सकिन्न् तसर्थ सचेत हुन सबैमा आग्रह अनुरोध गर्दै उक्त समयमा कुनै संघ, सस्थाहरु वा कुनै व्यक्तिगत जीवनमा समस्या परेको बेला मानवताको नाताले सकेको ठाउँमा सहयोग, सदभाव साथै सहकार्य गरिदिनु हुन पनि सबैमा सादर अनुरोध गर्दै, केही समन्वय र सहकार्य गर्नुपर्ने अवस्था सिर्जना भएमा कृपया संघसंग समन्वय गर्न समेत यहाँहरुमा अनुरोध गर्न चाहन्छु ।

संघले सहकारी सूचना केन्द्रको स्थापना मिति २०७१ जेठ ९ गतेका दिन औपचारीक रुपमा सहकारी सूचना केन्द्रको सूरुवात गरीएकोमा संघमा गत आ.व ०७६।०७७ मा ११८ वटा संस्थाले सदस्यता लिई दश हजार भन्दा बढी ऋणीहरुको विवरण संघको सहकारी सूचना केन्द्रमा पेश गरि सकेको अवस्थामा आ.व ०७७।०७८ मा आईपुग्दा थप १६ वटा संस्थाले सदस्यता लिई जम्मा १३४ वटा संस्था आवद्ध भईसकेको यहाँहरु माभ्र सहर्ष जानकारी गराउँदै यस सूचना केन्द्रमा आवद्ध भई संस्थाको ऋण लगानीबाट हुने जोखिमलाई न्युनिकरण गर्नुका साथै संस्थालाई सतर्कता अपनाउनमा थप टेवा पुग्ने विश्वस्त गराउदै आवद्ध नभएका संस्थाहरुलाई यस सहकारी सूचना केन्द्रमा सदस्यता लिई सहयात्री भईदिनुहुन यहाँहरु सबैमा हार्दिक नमनका साथै अनुरोध गर्दै अव म आ.व. ०७७/०७८ को प्रगती प्रतिवेदन वाचन गर्न अनुमती चाहन्छु ।

१. **सदस्यता :**

आ.व २०७६/०७७ को अन्त्यमा कुल २३८ वटा संस्थाहरुको संघमा सदस्यता रहेकोमा आ.व २०७७।०७८ को अन्त्यमा ११ वटा संस्था संघमा थप आवद्ध भएको र यस अघि आवद्ध भएका ८ वटा संस्थाहरु एकिकरण बाट खारेजी भएकाले गत आ.व. को सदस्य संख्यामा यस आ.व.मा कुल ३ वटा साकोसको सदस्यता थप भई महिला सहकारी संस्थाहरु सहित जम्मा २४१ वटा संस्थाको सदस्यता कायम हुन आएको छ ।

२. **पत्र दर्ता तथा चलानी :**

| | |
|---|---|
| प्राप्त पत्र संख्या | – ४८४ वटा |
| चलानी गरिएका पत्र संख्या | – ३७१ वटा |

३. **बैठक :**

आ.व.२०७७/०७८ मा संघमा तपशिल बमोजिम विभिन्न समिति, उप-समिति र अन्य कार्यदलहरुको वैठक सम्पन्न भएको छ ।

| | |
|---|---|
| सञ्चालक समितिको बैठक | – १४पटक |
| लेखा सुपरिवेक्षण समितिको बैठक | – ३ पटक |
| पदाधिकारी बैठक | – १ पटक |
| अन्तरलगानी (ऋण) उप-समितिको बैठक | – १४पटक |
| शिक्षा तथा तालिम उप-समिति | – ४ पटक |
| व्यवसाय प्रवर्धन उप-समिति | – १ पटक |
| महिला विकास उप-समिति | – २ पटक |
| अनुगमन तथा समन्वय उप-समिति | – १ पटक |
| सूचना तथा प्रकाशन उप-समिति | – ३ पटक |
| कार्यक्रम तथा बजेट मस्यौदा उप-समिति | – २ पटक |
| सहकारी सूचना केन्द्र उप-समिति | – २ पटक |
| सदस्य संस्थाका प्रबन्धकहरुसंग छलफल | – २ पटक |
| कर्मचारी पदपुर्ति बैठक | – ३ पटक |
| कर्मचारी व्यवस्थापन बैठक | – ७ पटक |
| डिजिटल सेवा अध्ययन कार्यदल | – १ पटक |
| घरजग्गा खरिद कार्यदल | – ६ पटक |
| निति संशोधन उप-समिति | – १ पटक |
| पुरस्कार तथा सम्मान उप-समिति | – १ पटक |
| कर्मचारी स्तर वृद्धि व्यवस्थापन कार्यदल | – १ पटक |

४. **कार्यालय व्यवस्थापन :**

कार्यालय सुदृढीकरण गरी व्यवस्थापन गर्न समय सापेक्ष भौतिक साधन श्रोतको उचित व्यवस्थापन गर्दै जाने नीति अनुरुप बनेपा ७, पनौती रोडमा मिति २०७१ कार्तिक ५ गते देखि ८ बर्षको सम्झौता गरी संघको कार्यालय सञ्चालन गरिएको छ । संघको कार्यालय कार्तिक १५ देखि माघ १५ सम्म विहान १०:०० बजे देखि साँझ ५ बजे सम्म, अन्य दिनमा विहान १०:०० बजे देखि बेलुकी ६:०० बजे सम्म निर्धारण गरिएको छ । शनिवार र सार्वजनिक विदाका दिनमा कार्यालय बन्द रहने गरेको छ ।

५. **कर्मचारी व्यवस्थापन तथा संरचना :**

संघको प्रगतिमा अहोरात्र मानसिक एवं शारीरिक श्रम दिने भनेको नै कर्मचारीहरु हुन् जसको संघमा प्रमुख भूमिका हुन्छ । संघलाई निरन्तर प्रगति तर्फ डोऱ्याउन लागि पर्ने संघप्रति समर्पित कर्मचारीहरुलाई बृत्ति बिकास र तलब तथा सेवा सुविधालाई समेत समय सापेक्ष बृद्धि गर्दै लगिनेछ । कार्यालय सहयोगी पदमा मिति २०७७ चैत्र १३ गते देखि लागूहुने गरी बनेपा न.पा वडा नं. ५ निवासी श्री अमृता नेपाल (सापकोटा) लाई नियुक्ति गरिएको छ ।

६. **आवद्धता, सम्बन्ध विस्तार तथा सहभागीता**

बचत तथा ऋण सहकारीको प्रर्वद्धन गर्न सहकारी ऐन नियम बमोजिम सदस्यता लिन मिल्ने सबै संघ संस्थाहरुको आवद्धताको नीति कायम राखिएको छ ।

**आवद्धता विवरण**

| सि.न | संघ/बैंकको नाम | आवद्धता मिति |
|---|---|---|
| १. | राष्ट्रिय सहकारी महासंघ | २०६३।०८।१२ |
| २. | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. | २०५९।०३।३० |
| ३. | राष्ट्रिय सहकारी बैंक लि. | २०६४।०९।०२ |
| ४. | वागमती प्रदेश सहकारी संघ लि. | २०७७।११।१८ |
| ५. | वागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. | २०७७।०९।२९ |
| ६. | जिल्ला सहकारी संघ लि. | २०६२।१२।२२ |

७. **वित्तीय सेवा कार्यक्रम :**

संस्थाहरुमा आईपर्ने तरलता अभावको समस्या समाधान गर्न मद्दत पुऱ्याउने अभिप्रायले अन्तरलगानी नीति तयार गरि संघले बचत तथा ऋण (वित्तीय) सेवा प्रदान गर्दै आईरहेको छ। अन्तरलगानी कार्यक्रमको २०७७ साल असार मसान्तको स्थिति विवरण निम्नानुसार छ :

कुल शेयर : रु. ६,६२,२६,०००।००

कुल बचत : रु. १,२०,३७,२२,१२०।५३

कुल लगानीमा रहेको ऋण : रु. ६१,२७,११,०९९।७६

अन्तरलगानी कार्यक्रममा आवद्ध संस्था : कुल १८५ वटा

**संघमा सञ्चालित बचत खाताका प्रकारहरु :**

क) नियमित बचत

ख) विशेष बचत

ग) ऐच्छिक बचत

घ) आवधिक बचत

ङ) शेयर बचत

**संघमा सञ्चालित ऋण प्रकारहरु :**

क) तरलता व्यवस्थापन ऋण

ख) चालु पूँजी ऋण

ग) साकोस कर्मचारी ऋण

घ) स्थिर सम्पत्ति खरिद ऋण

ङ) Covid -19 ऋण (विपद् व्यवस्थापन)

च) कर्मचारी सहुलियत ऋण

८. **२३ औं वार्षिक साधारण सभा सम्पन्न** :

यस संघको २३ औं वार्षिक साधारण सभा मिति २०७७ साल पुष ११ गते शनिबार, बनेपा स्थित होटेल उग्रचण्डीमा राष्ट्रिय सहकारी महासंघका **अध्यक्ष** श्री **मिनराज कंडेलको**ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त सभामा ११४ वटा सदस्य संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

९. **वीमा व्यवस्था** :

संघको जोखिमलाई न्युनीकरण गर्नको लागि गरिदै आएको वीमा व्यवस्थालाई यस वर्ष पनि कायमै राखिएको छ भने संचालक(अवधिको आधारमा) र कर्मचारीहरुलाई संघको तर्फबाट प्रदान गरिदै आएको निःशुल्क दुर्घटनामा वीमा तथा स्वास्थ्य वीमा व्यवस्थालाई यस बर्ष पनि कायम गरिएकोछ साथै संघको कार्यालयको नगद वीमालाई आवश्यकता अनुसार सिमा बढाउदै वीमा गरिएको छ ।

१० **ऋण असुली** :

संघको ऋण सयममा नतिर्ने ऋणी संस्थाहरुको अनुगमन, ताकेता र पत्राचार गर्ने गरिएको छ । लामो समयदेखि साँवा ब्याज नतिर्ने ऋणी संस्थाहरुको ऋण असुलीका लागि कानुनी प्रकृया अगाडि बढाईनेछ ।

११. **संघद्धारा सम्पन्न तालिम, गोष्ठी र अन्तरक्रिया कार्यक्रमहरु** :

यस संघले बार्षिक कार्ययोजनामा उल्लेखित तथा समसामयिक विषयमा सदस्य संस्थाबाट माग हुने तालिम तथा प्रशिक्षण कार्यक्रहरु गर्दै आएकोमा २०७७।०७८ आ.व.मा तपशिल बमोजिमका तालिम तथा गोष्ठीहरु सम्पन्न गरेको छ ।

क) २०७७ माघ १२ गते देखि १४ गते सम्म प्रशिक्षक सि.ए आनन्द श्रेष्ठको प्रशिक्षणमा **कर तथा आयकर सम्बन्धी** तालिम होटल उग्रचण्डीको सभाहलमा सम्पन्न थियो । उद्घाटन कार्यक्रममा संघका प्रथम उपाध्यक्ष श्री इन्द्रप्रसाद अधिकारी, सचिब श्री उदयराम कायस्थ, शिक्षा तथा तालिम संयोजक श्री निर्मला श्रेष्ठ शिक्षा तथा तालिम उप-समिति सदस्य श्री पुर्णसागर रन्जित लगायत ३० जनाको सहभागिता रहेको थियो ।

ख) २०७७ माघ २३ देखी २४ गते सम्म प्रशिक्षक श्री प्रमोद कुमार घिमिरेको प्रशिक्षणमा **भाखा नाघेको ऋण व्यवस्थापन तालिम** बनेपा स्थित चेतनाकेन्द्रको सभाहलमा सम्पन्न भएको थियो । उद्घाटन कार्यक्रममा संघका प्रथम उपाध्यक्ष श्री इन्द्रप्रसाद अधिकारी, सचिब श्री उदयराम कायस्थ, कोषाध्यक्ष श्री जितेन्द्र नकर्मी, संचालक सदस्य तथा शिक्षा तथा तालिम उप-समितिका संयोजक श्री निर्मला श्रेष्ठ लगायत ४४ जनाको सहभागिता रहेको थियो ।

ग) २०७७ फागुन १४ देखी १५ गते सम्म प्रशिक्षक श्री राजु सरकारको प्रशिक्षणमा **Dealing With People** तालिम बनेपा स्थित चेतना केन्द्रको सभाहलमा सम्पन्न भएको थियो । उद्घाटन कार्यक्रममा संघका प्रथम उपाध्यक्ष श्री इन्द्रप्रसाद अधिकारी, सचिब श्री उदयराम कायस्थ, कोषाध्यक्ष श्री जितेन्द्र नकर्मी, सह-सचिव श्री सुरेन्द्र प्रसाद पौडेल, संचालक सदस्य तथा शिक्षा तथा तालिम उप-समितिका संयोजक श्री निर्मला श्रेष्ठ, संचालक सदस्य श्री कृष्णप्रसाद तिमल्सिना लगायत ३३ जनाको सहभागीता रहेको थियो ।

घ) २०७७ फागुन २१ गते देखी २४ गते सम्म प्रशिक्षक श्री उपेन्द्र प्रसाद हुमागाई र दिपक तिमल्सिनाको प्रशिक्षणमा **आधारभुत लेखा व्यवस्थापन** तालिम पनौती स्थित ज्ञानविकास पुस्तकालयको सभाहलमा सम्पन्न भएको थियो । उद्घाटन कार्यक्रममा प्रथम उपाध्यक्ष श्री इन्द्रप्रसाद अधिकारी, सचिब श्री उदयराम कायस्थ, कोषाध्यक्ष श्री जितेन्द्र नकर्मी, संचालक सदस्य तथा शिक्षा तथा तालिम उप समितिका संयोजक श्री निर्मला श्रेष्ठ, शिक्षा तथा तालिम उप-समिति सदस्य श्री पुर्णसागर रञ्जित लगायत ३५ जनाको सहभागीता रहेको

थियो ।

ङ) २०७८ बैशाख २ गते देखी ४ गते मुख्य प्रशिक्षक श्री लेखनाथ दाहालको प्रशिक्षणमा पनौती नगर पालिका कार्यालय र जिल्ला बचत संघ काभ्रेको संयुक्त आयोजनामा **एड्भान्स नापी नक्सा तालिम** पनौती नगरपालिकाको सभाहलमा सम्पन्न भएको थियो । उद्घाटन कार्यक्रम पनौती न.पा प्रमुख श्री भिम न्यौपाने ज्यूको प्रमुख आतिथ्यतामा र उप-प्रमुख श्री गिता बन्जाराज्यूको विशिष्ट आतिथिथ्यतामा संघका प्रथम उपाध्यक्ष श्री इन्द्रप्रसाद अधिकारी, सचिब श्री उदयराम कायस्थ, शिक्षा तथा तालिम उप समितिका संयोजक श्री निर्मला श्रेष्ठ, शिक्षा तथा तालिम उप समिति सदस्य श्री शिव प्रसाद आचार्य पनौती न.पा कार्यालय सहकारी शाखाका अधिकृत मथुरा प्रसाद बजगाई लगायतको उपस्थितिमा ४६ जनाको सहभागीता रहेको थियो ।

च) २०७८ बैशाख ४ गते प्रशिक्षक श्री भरत कुमार चिमौरियाको प्रशिक्षणमा **लेखा समितिहरुको गोष्ठी** को उद्घाटन कार्यक्रममा संघका शिक्षा तथा तालिम उप-समितिका संयोजक निर्मला श्रेष्ठ, संचालक सदस्य श्री विकास बादे, प्रमुख सल्लाहकार श्री शम्भुलाल श्रेष्ठ लगायतको उपस्थितिमा ३१ जनाको सहभागीतामा सम्पन्न भएको थियो ।

छ) २०७८ असार ५ गते पनौती नगरपालिका र जिल्ला बचत संघ काभ्रेको सहकार्यमा **संस्था एकिकरण गोष्ठी** (**भर्चुअल**) रुपमा सहकारी विभागका उप-रजिष्ट्रार (प्रशिक्षक) श्री सुरेन्द्र राज पौडेलको प्रशिक्षणमा भएको उद्घाटन कार्यक्रममा संघका प्रथम उपाध्यक्ष श्री इन्द्रप्रसाद अधिकारी, सचिब श्री उदयराम कायस्थ, को षाध्यक्ष श्री जितेन्द्र नकर्मी, शिक्षा तथा तालिम उप-समितिका संयोजक श्री निर्मला श्रेष्ठ, शिक्षा तथा तालिम उप-समिति सदस्य श्री पुर्णसागर रञ्जित लगायत ४१ जनाको सहभागीतामा सम्पन्न भएको थियो ।

ज) २०७८ असार २३ गते संघको आयोजनामा **सम्पत्ति शुद्धिकरण अभिमुखिकरण** (**भर्चुअल**) कार्यक्रम सम्पत्ति शुद्धिकरण विभागका निर्देशक श्री तेज प्रकाश प्रसाईको प्रशिक्षणमा भएको थियो उद्घाटन कार्यक्रममा संघका प्रथम उपाध्यक्ष श्री इन्द्रप्रसाद अधिकारी, सचिब श्री उदयराम कायस्थ, कोषाध्यक्ष श्री जितेन्द्र नकर्मी, शिक्षा तथा तालिम उप-समितिका संयोजक श्री निर्मला श्रेष्ठ, शिक्षा तथा तालिम उप समिति सदस्य श्री पुर्णसागर रञ्जित लगायत ६३ जनाको सहभागीतामा सम्पन्न भएको थियो ।

झ) २०७८ असार २५ गते संघको आयोजनामा काभ्रे जिल्लाका व्यवस्थापन प्रमुखहरुसँगको **अन्तरक्रिया** कार्यक्रम भर्चुअल रुपमा सम्पन्न गरिएको थियो । कार्यक्रममा जिल्लाका सहकारी संस्थाहरुका २१ जना व्यवस्थापन प्रमुखहरुको सहभागीतामा सम्पन्न भएको थियो ।

१२. **सहभागिता :**

- जिल्ला सहकारी संघ लिमिटेड द्वारा मिति २०७७ श्रावण १६ गते सहकारी संस्थाहरुलाई ढुवानी साधन हस्तान्तरण तथा जिल्लामा रहेको सहकारी संस्थाहरुको तथ्याङ्कीय विवरण समेटिएको पुस्तक विमोचन कार्यक्रममा संघका प्रथम उपाध्यक्ष श्री इन्द्रप्रसाद अधिकारी सहभागी,
- जिल्ला सहकारी संघ लिमिटेड द्वारा मिति २०७७ श्रावण १८ गते सन्दर्भ व्याजदर लागु भएपश्चात कार्यान्वयनको अवस्था र प्रभाव विश्लेषण सम्बन्धी छलफल गरी सुझाब संकलन कार्यक्रममा संघका प्रथम उपाध्यक्ष श्री इन्द्रप्रसाद अधिकारी सहभागी,
- ज्योति बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड द्वारा मिति २०७७ श्रावण १७ गते प्रदेश सहकारी ऐन, नियम तथा नेपाल सरकारको अपेक्षा सहकारी संस्थाहरुको संस्थागत योगदानलाई सामुहिक सहभागीताको प्रारम्भिक भेलामा संघका कोषाध्यक्ष श्री जितेन्द्र नकर्मी सहभागी,

- जिल्ला सहकारी संघ लिमिटेड द्धारा मिति २०७७ भाद्र २२ गते ५३ औ संघ स्थापना दिवस सम्बन्धी कार्यक्रममा संघका द्धितिय उपाध्यक्ष श्री तिर्थमाया प्रधान सहभागी,
- जिल्ला सहकारी संघ लिमिटेडको मिति २०७७ असोज २३ गते सहकारीको सेवा प्रभाव तथा वित्तिय क्षेत्रमा पर्नसक्ने प्रभाव विश्लेषण गरि सजगता अपनाउन सकिने उपायहरुका विषयमा छलफल सम्बन्धी कार्यक्रममा संघका द्धितिय उपाध्यक्ष श्री तिर्थमाया प्रधान सहभागी,
- नेफ्स्कुनको मिति २०७७ मंसिर ९ गते बिशिष्टकृत संघको मस्यौदा कार्यविधि सम्बन्धी सरोकारवालाहरुसँग परामर्श कार्यशाला गोष्ठीमा संघका द्धितिय उपाध्यक्ष श्री तिर्थमाया प्रधान र प्रबन्धक गुरु प्रसाद ढकाल सहभागी,
- राष्ट्रिय सहकारी बैक लि. को मिति २०७७ मंसिर १२ गते "शाखा स्तरीय सम्मान तथा पुरस्कार २०७३" अनुसार आ.व २०७६/०७७ मा शाखा स्तरीय नियमित तथा उत्कृष्ठ कारोबारको आधारमा सहकारी संघ संस्थालाई प्रदान गर्ने सम्मान पुरस्कार सम्बन्धी कार्यक्रममा संघका प्रथम उपाध्यक्ष श्री इन्द्रप्रसाद अधिकारी सहभागी,
- ज्योति मिर्मिरे सामुहिक साकोसको मिति २०७७ मंसिर २० गते संस्था एकिकरण सम्बन्धि बनेको संयुक्त साधारण सभाको समापन कार्यक्रममा संघका प्रथम उपाध्यक्ष श्री इन्द्रप्रसाद अधिकारी सहभागी,
- युएम साकोसको मिति २०७७ पौष ०६ गते भवन उद्घाटन कार्यक्रममा संघका लेखा सुपरिवेक्षण समितिका संयोजक श्री जेन लामा सहभागी,
- बिन्धवासिनी साकोसको मिति २०७७ पौष २९ गते भवन निर्माणको शिलान्यास कार्यक्रममा संघका अध्यक्ष श्री रामहरि के.सी सहभागी,
- सामुदायिक साकोसको मिति २०७७ माघ १४ गते संस्थाको २७ औ स्थापना दिवस कार्यक्रममा संघका प्रथम उपाध्यक्ष श्री इन्द्र प्रसाद अधिकारी सहभागी,
- वागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. को कार्यालय उद्घाटन समारोह कार्यक्रममा संघका प्रथम उपाध्यक्ष श्री इन्द्रप्रसाद अधिकारी सहभागी,
- नेफ्स्कुनको मिति २०७७ पौष ३ गते प्रदेश नं. ३ कार्यालय बनेपा अन्तरगत विभिन्न विधामा उल्लेखनीय योगदान गरेवापत संघ सस्थाको सम्मान र स्तरीकरण कार्यक्रमा एक्सेस र प्रोवेशनमा आवद्ध साकोसहरुको सहभागीतामुलक कार्यक्रममा संघका संचालक सदस्य श्री कृष्णप्रसाद तिमल्सिना सहभागी,
- ज्योति मिर्मिरे सामुहिक साकोसको मिति २०७७ फागुन १९ गते ८ औं एकिकरण उत्सव कार्यक्रममा संघका उपाध्यक्ष श्री इन्द्रप्रसाद अधिकारी सहभागी,
- राष्ट्रिय सहकारी बैक लि. को मिति २०७७ फाल्गुण २४ गते लैङ्गिक हिंसा, महामारी र सहकारी विषयक राष्ट्रिय गोष्ठीमा संघका द्धितिय उपाध्यक्ष श्री तिर्थमाया प्रधान सहभागी,
- राष्ट्रिय सहकारी बैक लि. को मिति २०७७ चैत्र ८ र ९ गते सहकारीमा महिला समावेशिता कार्यक्रममा संघका द्धितिय उपाध्यक्ष श्री तिर्थमाया प्रधान सहभागी,
- जिल्ला सहकारी संघ लिमिटेड को मिति २०७७ चैत्र १९ गते नेपालमा कृषिको समस्या समाधानको लागि सहकारीको भुमिका विषयक एक दिवसीय गोष्ठीमा संघका प्रबन्धक श्री गुरु प्रसाद ढकाल सहभागी,
- जिल्ला सहकारी संघ लि. को मिति २०७७ चैत्र २० गते नेपालको राष्ट्रिय झण्डा तथा अर्न्तराष्ट्रिय सहकारी महासंघको झण्डा फेर्ने तथा पुजा कार्यक्रममा संघका सचिब श्री उदयराम कायस्थ सहभागी,
- सामुदायिक साकोस को मिति २०७८ बैशाख २ गते सेवाकेन्द्र उद्घाटन कार्यक्रमा संघका अध्यक्ष श्री रामहरि के.सी सहभागी,

- सनलाईट साकोस को मिति २०७७ श्रावण १ गते नयाँ कार्यालय उद्‌घाटन कार्यक्रममा संघका द्वितिय उपाध्यक्ष श्री तिर्थमाया प्रधान सहभागी,

१३. **प्रतिवेदन पुस्तिका प्रकाशन :**

यस संघले प्रत्येक वर्षभैं संघको वार्षिक कार्यक्रमहरु, वित्तीय विवरणहरु तथा सदस्य संस्थाहरुको विवरण संलग्न गरी प्रकाशन गर्दै आएको प्रतिवेदन पुस्तिका मिति २०७७ साल पुष ११ गते शनिबार सम्पन्न संघको २३ औं वार्षिक साधारण सभाको अवसरमा पनि प्रकाशन गरी सदस्यहरु बाट थप सल्लाह एवं सुझव संकलन गर्न साधारण सभाको मिति भन्दा ७ दिन अगावै वितरण गरियो । साथै यस २४ औं वार्षिक साधारण सभाको अवसरमा पनि प्रकाशन गरी सधारण सभा भन्दा अगावै यहाँहरुलाई उपलब्ध गराईएको जानकारी गराउन चाहन्छु ।

१४. **संस्था अनुगमन निरिक्षण :**

संघमा आवद्ध रहेका संस्थाहरुको अनुगमन निरिक्षण गरी संस्थाहरुको गतिविधिहरुको जानकारी लिने, विवरण संकलन गर्ने तथा सल्लाह सुझाव दिने कार्यलाई हरेक वर्ष भैं यस वर्ष पनि निरन्तरता दिईएको छ ।

१५. **सहकारी सूचना केन्द्र :**

संघमा सञ्चालित सहकारी सूचना केन्द्रमा आ.व २०७६।०७७ को अन्त्य सम्ममा ११८ वटा लिएकोमा आ.व २०७७।०७८ मा १६ वटा संस्था थप भई १३४ वटा सहकारी संस्थाहरुले सदस्यता लिएका छन् । साथै सहकारी सूचना केंन्द्रलाई आधुनिक प्रविधि युक्त बनाउन संघको वेइभसाइट kdsu.org.np मा संस्थाले तोकेको आधिकारीक प्रतिनिधि मार्फत संघले प्रदान गरेको User ID / Password को माध्यमबाट विवरण भर्न र चेक गर्ने व्यवस्था गरीएको छ ।

१६. **स्टेशनरी सेवा :**

नेफ्स्कूनद्वारा उत्पादित सहकारी संघ/संस्थाहरुलाई आवश्यक पर्ने विभिन्न स्टेशनरी सामाग्रीहरु यस संघले काभ्रे जिल्लाका सहकारी संस्थाहरुलाई सहज रुपमा विक्री वितरण गर्दै आईरहेको छ । संघमा आवद्ध संस्थाहरुलाई १०% छुटमा उक्त सामाग्रीहरु उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

१७. **ब्याजदर, छुट तथा सहुलियत**

**क**) यस संघले प्रतिस्पर्धी बजारको विश्लेषण गरी समयसापेक्ष ब्याजदर संशोधन गर्ने गरिएको छ। सम्पुर्ण बित्त बजारको अवस्थाका आधारमा ब्याजदरलाई समयसापेक्ष बनाई बचत र ऋणको औषत ब्याजदर ६% भन्दा कम नै हुने गरी निर्धारण गरिएको छ ।

ख) कोरोनाको महामारीबाट सदस्य संस्थाहरुको तरलता व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले रु ३०,००,०००।- (तिस लाख) सम्म बिना धितो र धितोमा रु ५०,००,०००।-(अक्षेरुपी पचास लाख रुपैया मात्र) ऋण सुविधा उपलब्ध गराईएको थियो । ऋणको व्याज रकममा ५ प्रतिशत छुट उपलब्ध गराउनुका साथै २०७८ असोज मसान्त सम्मको सम्पुर्ण हर्जना छुट गरीएको थियो ।

१८. **यस वर्ष तयार तथा संसोधन गरी लागू गरिएका नीति, निर्देशिका तथा कार्यविधिहरु**

क) गल्ती व्यवस्थापन नीति २०७८

ख) संस्थागत धितो मुल्यांकन कार्य विधि २०७८

ग) छात्रवृत्ती कोष संचालन कार्यविधि २०७८

१९. **संसोधन तथा पुनर्लेखन गरिएका नीति, निर्देशिका तथा कार्यविधिहरु**

क) गत साधारण सभाबाट संसोधन स्विकृत भएको संघको विनियम २०५३

ख अन्तर लगानी नीति ३०७६

ग) मानव संसाधन नीति २०६९

घ आर्थिक प्रशासन नीति २०७८

२०. **उत्कृष्ट सहकारी तथा सहकारीकर्मी सम्मान पुरस्कार**

यस संघको अन्तरलगानी कार्यक्रममा सहभागी संस्थाहरु मध्ये आ.व. २०७६/०७७ मा अधिकतम कारोवार गर्ने निम्नानुसारका संस्थाहरुलाई संघको २३ औं बार्षिक साधारण सभाको अवसरमा सम्मान गरिएको थियो ।

१. **समग्र तर्फ** :

अधिकतम शेयर खरिदकर्ता : सदस्यता नं ००१००००३ सामुदायिक साकोस (पनौती, काभ्रे)

अधिकतम बचतकर्ता : सदस्यता नं ००१००००४ बिन्धवासीनी साकोस (बनेपा, काभ्रे)

ऋण कारोवार : सदस्यता नं. ००१००००४० आर्थिक विकास मित्र साकोस पाँचखाल,काभ्रे

२. **गाँउपालिका (ग्रामीण) तर्फ** :

अधिकतम शेयर खरिद कर्ता : सदस्यता नं ००१०००० ११ मंगलेश्वर साकोस (रोशी, काभ्रे)

अधिकतम बचत कारोबार : सदस्यता नं.००१००००७२ सुर्यमुखी साकोस ( खानीखोला गाँउपालिका, काभ्रे)

३. **महिलाद्वारा सञ्चालित** :

अधिकतम शेयर खरिद : सदस्यता नं ००१००००३९ नारी जागरण साकोस (बनेपा- काभ्रे)

अधिकतम बचत कारोबर : सदस्य नं. ००१००००२२ लक्ष्मी महिला साकोस(पनौती, काभ्रे)

४. **उत्कृष्ट सहकारीकर्मी** : श्री ऋषिराज घिमिरे

५. **उत्कृष्ट कर्मचारी** : श्री रविकुमार के.सी (बरिष्ठ तालिम सहायक)

**संस्थाहरुको निर्वाचन कार्यक्रममा सहजीकरण :**

- सक्रिय साकोसको मिति २०७७ मंसिर ०४ गतेको निर्वाचन कार्यक्रम संयोजक रुपमा संघका कोषाध्यक्ष श्री जितेन्द्र नकर्मी सहभागी,
- आभास साकोसको मिति २०७७ कार्तिक २२ गते निर्वाचन कार्यक्रममा संघका कोषाध्यक्ष श्री जितेन्द्र नकर्मी सहभागी,
- बनेपा साकोसको मिति २०७७ कार्तिक १६ गते निर्वाचन कार्यक्रममा संघका सचिब श्री उदयराम कायस्थ सहभागी,
- महिला आधारशिला सकोसको मिति २०७७ मंसिर २१ गते निर्वाचन कार्यक्रममा संघका सचिब श्री उदयराम कायस्थ सहभागी,
- बुडोल सामुदायिक साकोसको २०७७ पौष १८ गते सम्पन्न निर्वाचन कार्यक्रममा संघका प्रबन्धक गुरु प्रसाद ढकाल निर्वाचन उप समिति सदस्यको रुपमा सहभागी,
- पिपुल्स साकोसको मिति २०७७ मंसिर २० गते निर्वाचन कार्यक्रममा संघका बरिष्ठ तालिम सहायक रवि कुमार के.सी सहभागी,

२१. आ.व. ०७७/०७८ मा संघ तथा सदस्य संस्थाहरुको साधारण सभामा आतिथ्यता :

| मिति | संघ/संस्था तथा कार्यालको नाम | प्रतिनिधिको नाम |
|---|---|---|
| २०७७/०४/२४ | राधाकृष्ण साकोस | कोषाध्यक्ष : श्री जितेन्द्र नकर्मी |
| २०७७/०६/३० | युवा साकोस | प्रथम उपाध्यक्ष : श्री इन्द्रप्रसाद अधिकारी |
| २०७७/०८/२५ | राष्ट्रिय सहकारी बैक लि. | संचालक सदस्य : श्री उपेन्द्र प्रसाद हुमागाई |
| २०७७/०९/२७ | जिल्ला सहकारी संघ लि. | प्रमुख सल्लाहकार : श्री शम्भुलाल श्रेष्ठ |
| २०७७/०८/२७ | चण्डेश्वरी साकोस | प्रथम उपाध्यक्ष : श्री इन्द्रप्रसाद अधिकारी |
| २०७७/०९/०४ | बिन्धवासिनी साकोस | प्रथम उपाध्यक्ष : श्री इन्द्रप्रसाद अधिकारी |
| २०७७/०९/१८ | कृषि सहकारी संघ लि. काभ्रे पलाञ्चोक | प्रथम उपाध्यक्ष : श्री इन्द्रप्रसाद अधिकारी |
| २०७७/११/२२ | काभ्रे उद्योग वाणिज्य संघ | संचालक सदस्य : श्री कृष्णप्रसाद तिमल्सिना |
| २०७७/०९/२७ | जिल्ला सहकारी संघ लि.काभ्रे पलाञ्चोक | सचिब : श्री उदयराम कायस्थ |

२२. संघको चालु आवमा एक पटकका दरले गरिने वार्षिक कार्यक्रमहरु

| सदस्य संस्था क्षमता अभिबृद्धि कार्यक्रमहरु | |
|---|---|
| **सि.नं.** | **कार्यक्रमको नाम** |
| १ | उच्चस्तरीय लेखा व्यवस्थापन तालिम आवासीय |
| २ | उच्चस्तरीय पर्ल्स अनुगमन तालिम |
| ३ | नापी नक्सा तालिम |
| ४ | लेखा सुपरिवेक्षण समितिहरुको क्षमता अभिवृद्धि गोष्ठी |
| ५ | विपद व्यवस्थापन अन्तरक्रिया |
| ६ | सम्पत्ति शुद्धिकरण र Go -AML प्रक्रिया तालीम |
| ७ | जाली नोट पहिचान सम्बन्धी तालिम |
| ८ | सामाजिक सुरक्षा कोष अभिमुखिकरण कार्यक्रम |
| ९ | कर तथा आयकर सम्बन्धी तालिम |
| १० | Dealing with people |
| ११ | कर्जा सूचना केन्द्र गोष्ठी |
| १२ | महिला संचालकहरुको गोष्ठी |
| १३ | प्राविधिक क्षमता अभिबृद्धि तालीम |
| १४ | आधारभुत लेखा व्यवस्थापन तालीम |
| **संघको क्षमता अभिबृद्धि कार्यक्रमहरु** | |
| १६ | स्थानीय तहका सहकारी संयोजक, सहकारी शाखाका प्रमुख र संघ बिचमा अन्तरक्रिया कार्यक्रम |
| १७ | संचालक समिति र उप समितिहरुको क्षमता अभिवृद्धि तालिम |

| | |
|---|---|
| १८ | वार्षिक तथा चौबार्षिक रणनीतिक योजना कार्यक्रम |
| १९ | अवलोकन भ्रमण |
| २० | समिक्षा बैठक |
| **सामाजिक क्रियाकलाप कार्यक्रम** | |
| २१ | राष्ट्रिय तथा अन्तराष्ट्रिय सहकारी दिवस |
| २२ | छात्र बृत्ति कार्यक्रम |
| २३ | अन्य सांस्कृतिक कार्यक्रम |

अन्तमा, यस सभाका सभापतिज्यू, प्रमुख अतिथिज्यू, मञ्चमा आसीन आदरणीय अतिथि महानुभावहरु, संघका सञ्चालकज्यूहरु, यस संघका सल्लाहकारज्यू, विभिन्न सञ्चार माध्यमबाट पाल्नु भएका पत्रकार मित्रहरु, समिति एवं उप-समितिका पदाधिकारी मित्रहरु, सदस्य संस्थाका प्रतिनिधि मित्रहरु, यहाँहरुको सहयोग सद्भाव र सहयात्राले संघलाई २४ औँ बार्षिक साधारण सभा मनाउन सक्षम बनाउनु भएकोमा यहाँहरुप्रति संघको तर्फबाट साथै मेरो व्यक्तिगत तर्फबाट हृदयदेखि नै आभार एवं कृतज्ञता ज्ञापन गर्न चाहन्छु । अन्त्यमा, आगामी दिनहरुमा पनि संघलाई प्रगति पथतर्फ लम्कन अतुलनीय माया, विश्वास, अमूल्य सल्लाह, सुझाब एवं सहयोग र सद्भाव पाईरहने अपेक्षा गर्दै यो प्रतिवेदन यही टुंग्याउन चाहन्छु ।

धन्यवाद ! जय बचत ! जय सहकारी !